नेपाल सरकार

# सहरी विकास मन्त्रालय

सिंहदरबार, काठमाडौं



# सोचपत्र

नेपाल सरकार

# सहरी विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

# सोचपत्र

२०६९


प्रकाशकः

**सहरी विकास मन्त्रालय**

योजना अनुगमन तथा वैदेशिक सहयोग महाशाखा
सिंहदरबार, काठमाडौं
फोन : ४२११६७३
फ्याक्स : ४२००२४६/४२११८७३
वेवसाईट : www.moud.gov.np
इमेल : info@moud.gov.np

प्रकाशन वर्ष : २०६९

प्रथम संस्करण : २००० प्रति

मुद्रक :
दीप किरण प्रिन्टिङ्ग एण्ड ट्रेडर्स प्रा.लि.
अनामनगर, काठमाडौं
फोन : ४२१५४६०


आवरण : काठमाडौं उपत्यकाको पवित्र बागमती नदीको प्रस्तावित स्वरुप

## दुई शब्द

सहरी विकास मन्त्रालयले आफ्ना क्रियाकलापलाई सुनियोजित ढङ्गबाट अगाडि बढाउन र तीव्र गतिमा बढ्दो सहरीकरणबाट उत्पन्न बिभिन्न किसिमका प्रभावहरूलाई सम्बोधन गर्न यो सोचपत्र ल्याएकोमा अन्यन्त खुशी लागेको छ । नेपालको कुल राष्ट्रिय ग्राहस्थ आयमा सहरी क्षेत्रको भूमिका उल्लेखनीय भएतापनि सहरी क्षेत्रको भौतिक तथा सामाजिक पूर्वाधारमा पर्याप्त मात्रामा लगानी हुन नसकिरहेको अवस्थामा यस क्षेत्रलाई नियोजित ढङ्गबाट अगाडि बढाउन एउटा निश्चित मार्गचित्र अत्यन्त जरूरी हुन्छ । यस सोचपत्रले उक्त मार्ग चित्रको काम गर्ने छ भन्ने मैले विश्वास लिएको छु ।

नेपाल सरकारले नेपालको समग्र विकास तथा समृद्धिमा सहरी क्षेत्रको योगदान तथा योजनाबद्ध सहरी विकास प्रयासलाई विशेष जोड दिने उद्देश्यले सहरी विकास मन्त्रालयको गठन गरेको हो । यस सोच पत्रले सहरी विकास मन्त्रालयको उद्देश्य र रणनीतिको बारेमा संक्षिप्त जानकारी दिनुको साथै सहरबासीको आवश्यकता पहिचान गरी सुनियोजित र व्यवस्थित सहरको लक्ष्य प्राप्त गर्न समेत मार्गनिर्देशन गर्नेछ भन्ने हार्दिक शुभकामना दिन चाहन्छु ।

मिति : २०६९/११/३०

..................................

(डा. बाबुराम भट्टराई)

प्रधानमन्त्री

## मन्तब्य

नेपाल सरकारको मिति २०६९/०२/०५ को निर्णय अनुसार सहरी विकास मन्त्रालयको गठन भएको हो । नवगठित यस मन्त्रालयलाई सहरी विकास, आवास, भवन निर्माण, खानेपानी तथा सरसफाई जस्ता आधारभूत सेवा सुविधाहरुको प्रबन्ध गर्ने जिम्मेवारी दिइएको छ । उपर्युक्त जिम्मेवारीलाई सुनियोजित र ब्यवस्थित ढंगले पुरा गर्न यस क्षेत्रका लागि दीर्घकालीन सोच, उद्देश्य र रणनीति आवश्यक पर्ने हुन्छ । यही आवश्यकतालाई दृष्टिगत गरी यस मन्त्रालयले सोचपत्र (Vision Paper) तयार गरेको छ ।

प्रस्तुत सोचपत्रमा यस मन्त्रालयको दीर्घकलीन सोच, अभियान, उद्देश्य दीर्घकालीन रणनीति, राष्ट्रिय लक्ष्य र कार्यविवरण संक्षिप्तमा उल्लेख गरिएका छन्, साथै नेपालको सहरी विकासको प्रस्तावित ढाँचा, नयाँ सहरहरुको विवरण, आवासको वर्तमान अवस्था लगायत विभिन्न उपयोगी तथ्याङ्कहरुलाई तालिकाबद्ध रुपमा देखाउने प्रयास गरिएको छ ।

मन्त्रालयले तयार पारेको यस सोचपत्रले देशको विकासमा सहरी क्षेत्रको योगदानलाई मध्यनजर गरी उक्त क्षेत्रको योजनाहरु र दिगो विकासको कार्य दिशा निर्धारण गरेको र साथै प्रस्तुत विवरण एवं आँकडाको मद्दतले यस मन्त्रालयले राखेको सोच एवं त्यसको प्राप्ति तर्फ मन्त्रालय र अन्तर्गतका निकायहरुद्वारा परिचालित काम कारवाहीका वारेमा जान्न बुझ्न खोज्ने जो कोहीलाई पनि यसवाट जानकारी हुनेछ भन्ने विश्वास लिएको छु ।

अन्तमा यस सोचपत्र तयार गर्ने कार्यमा प्रत्यक्ष संलग्न योजना अनुगमन तथा वैदेशिक सहयोग महाशाखाका प्रमुख सहसचिव, श्री विनोद चन्द्र झा, उपसचिव, श्री कृष्णमुरारी न्यौपाने, ई. श्री गृष्म थापा, कम्प्यूटर अपरेटर, श्री धर्मराज खड्का र सहयोग पुऱ्याउने समाजशास्त्री श्री तेज प्रसाद ढकाल तथा आफ्नो अमूल्य सल्लाह सुझाव प्रदान गर्नु हुने सबै महानुभावहरुलाई हार्दिक कृतज्ञता एवं धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

मिति २०६९/११/३०

.....................

किशोर थापा

सचिव

# विषय सूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| **१.** | **दीर्घकालीन सोच** | **१** |
| | १.१ अभियान | १ |
| **२.** | **उद्देश्य** | **१** |
| | २.१ सहरी विकास | १ |
| | २.२ आवास | १ |
| | २.३ भवन निर्माण | २ |
| | २.४ खानेपानी | २ |
| | २.५ सरसफाई | २ |
| | २.६ काठमाडौं उपत्यकाको विकास | २ |
| **३.** | **दीर्घकालीन रणनीति** | **३** |
| | ३.१ सहरी विकास | ३ |
| | ३.२ आवास | ३ |
| | ३.३ भवन निर्माण | ४ |
| | ३.४ खानेपानी | ४ |
| | ३.५ सरसफाई | ५ |
| | ३.६ काठमाडौं उपत्यकाको विकास | ५ |

**अनुसूचीहरू**

| | | |
|---|---|---|
| अनुसूची १ : | नेपालको सहरी विकासको ढाँचा | ७ |
| अनुसूची २ : | मध्य पहाडी लोकमार्गमा प्रस्ताव गरिएका १० वटा शहरहरू | ८ |
| अनुसूची ३ : | नेपाल सरकारको खानेपानी तथा सरसफाईको लक्ष्य | ९ |
| अनुसूची ४ : | नेपालको जनगणना २०६८ अनुसार सहरी क्षेत्रको घरधुरी तथा जनसंख्या सम्बन्धी विवरण | ११ |
| अनुसूची ५ : | सहरी विकास मन्त्रालयको कार्य विवरण | १५ |
| अनुसूची ६ : | सहरी विकास मन्त्रालयसँग सम्बन्धित ऐन, नियमावली, गठन आदेश नीति, गुरुयोजना र मापदण्डहरु | १७ |

# दीर्घकालीन सोंच

**पूर्वाधार तथा सेवा सुविधायुक्त, व्यवस्थित, सफा र सुन्दर सहर तथा वस्तीहरू ।**

## अभियान

- व्यवस्थित, सफा, पूर्वाधार तथा सेवा सुविधायुक्त, सुन्दर सहर तथा वस्तीहरूको विकास गर्ने,
- सबैका लागि सुरक्षित र किफायती आवास व्यवस्था गर्ने,
- सुरक्षित, सुविधायुक्त र आकर्षक भवनहरू निर्माण गर्ने गराउने,
- सबै नागरिकलाई सुरक्षित र पर्याप्त पानी नियमित रूपमा आपूर्ति गर्ने,
- सहरी क्षेत्रको फोहरमैलाको समुचित व्यवस्थापन गर्ने

# उद्देश्य

## सहरी विकास

१. २० बर्ष भित्र मध्य पहाडी लोकमार्गमा १० वटा नयाँ सहर विकास गर्ने

२. १५ बर्ष भित्र ३० वटा ठूला विद्यमान सहरहरूको भौतिक पूर्वाधार योजनाबद्ध रूपमा सुधार गर्ने ।

## आवास

१. अति विपन्न तथा सीमान्तकृत वर्गका लागि ***"जनता आवास कार्यक्रम"*** सबै जिल्लामा विस्तार गर्ने,

२. सहरी क्षेत्रहरूलाई अनाधिकृत वस्तीरहित बनाउने ।



## भवन निर्माण

१. सहरी क्षेत्रहरूमा राष्ट्रिय भवन निर्माण संहिता लागू गर्ने,

२. सरकारी भवन निर्माण तथा मर्मत सम्भार गर्ने ।

## खानेपानी

१. सबैको लागि वि.सं. २०७४ सम्म सुरक्षित, नियमित र पर्याप्त खानेपानीको पहुँच पुऱ्याउने ।

## सरसफाइ

१. ५ बर्ष भित्र वि.सं. २०७४ सम्ममा सरसफाइको सुविधामा सम्पूर्ण नागरिकको पहुँच पुऱ्याउने,

२. १५ बर्ष भित्र वि.सं. २०७४ सम्ममा सबै सहरी क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्ने,

३. ढल निकास तथा प्रशोधन प्रणालीको विकास, विस्तार सुदृढिकरण गर्ने ।

## काठमाडौं उपत्यकाको विकास

१. काठमाडौँ उपत्यकालाई अन्तर्राष्ट्रियस्तरको सांस्कृतिक, ऐतिहासिक, पर्यटकीय र राजधानी क्षेत्रको रूपमा विकास गर्ने,

२. उपत्यकाका नदी प्रणालीहरूलाई जीवन्त बनाउने,

३. उपत्यकाको सडक तथा यातायात व्यवस्थापनलाई व्यवस्थित बनाउने,

४. उपत्यकाको खानेपानी तथा ढल निकास प्रणालीमा सुधार गर्ने ।

# दीर्घकालीन रणनीति

## सहरी विकास

- सहरीकरणलाई व्यवस्थापन गर्न स्वीकृत भू–उपयोग नीतिमा आधारित एकीकृत पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरोन्मुख क्षेत्रहरूमा पूर्वाधार विकास र सहरी सेवाका लागि सम्बद्ध निकायहरूबीच समन्वय कायम गर्दै भौतिक, सामाजिक तथा आर्थिक सम्बन्धको माध्यमबाट सहर–गाउँ अन्तरसम्बन्धलाई सुदृढ गरिनेछ ।
- सहरी पूर्वाधार तथा सेवाहरूको विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तीय स्रोतहरूको पहिचान गर्दै लगानी प्रवर्द्धन गरिनेछ ।
- पूर्वाधार र सेवा सुविधा सम्पन्न घना वस्ती विकासलाई प्रोत्साहन गरिनेछ ।
- प्राकृतिक प्रकोपबाट हुने जीउ धनको नोक्सानीलाई कम गर्न जोखिम न्यूनीकरण तथा समुदायको क्षमता अभिबृद्धि गरिनेछ ।
- सहरी योजना तर्जुमा तथा कार्यान्वयन प्रभावकारी रूपमा गर्नको लागि सम्बन्धित स्थानीय निकायहरूको संस्थागत क्षमता सुदृढिकरण गरिनेछ ।

## आवास

- आवास वितरण गर्दा आर्थिक रूपमा पिछडिएका र विपन्न बर्गको पहुँच हुने गरी सुरक्षित र किफायती आवासको व्यवस्था गर्नका लागि जग्गा लगायत भौतिक पूर्वाधार र सेवाहरूको विकास एकीकृत रूपमा गरिनेछ ।
- आवास विकासमा सार्वजनिक–नीजि साझेदारीको माध्यमद्वारा नीजि क्षेत्रलाई प्रोत्साहन गर्दै आवश्यक स्रोत पहिचान तथा परिचालनमा सहजीकरण गरिनेछ ।



- आन्तरिक रूपमा विस्थापितहरूलाई पुनर्स्थापना गर्नका लागि आवासको व्यवस्थापन गरिनेछ ।
- राष्ट्रिय आवास नीति कार्यान्वयनको लागि सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रको भूमिका स्पष्ट पार्दै आवास विकाससँग सम्बन्धित नीति निर्माण, कार्यान्वयन, तालिम, अनुसन्धान, मूल्याङ्कन आदि कार्यहरू संस्थागत आधारमा व्यवस्थित गरिनेछ ।
- स्थानीय निकाय समेतको संलग्नतामा आवास नीतिको कार्यान्वयन पक्षको अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
- जोखिमपूर्ण स्थानमा रहेका तथा अव्यवस्थित आवासलाई उचित व्यवस्थापन गरिनेछ ।

## भवन निर्माण

- वातावरणीय दृष्टिले स्वच्छ, वित्तीय दृष्टिले सम्भाव्य र प्राविधिक दृष्टिले उपयुक्त भवन निर्माण प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- भवन निर्माण गर्दा उपयुक्त स्थानीय सामाग्रीहरूको प्रयोगलाई जोड दिँदै भवनहरूको प्रचलित डिजाइन र प्रविधिमा आवश्यक परिमार्जन गरिनेछ ।
- विद्यमान भवन निर्माण संहिताको प्रभावकारी प्रयोगलाई व्यापक रूपमा कार्यान्वयन गरिनेछ ।
- राष्ट्रिय र स्थानीय स्तरका सार्वजनिक र सरकारी भवन निर्माण, मर्मत सम्भार तथा स्तरोन्नति गरिनेछ ।
- गणतन्त्र स्तम्भ, गणतन्त्र स्मारक जस्ता राष्ट्रिय गौरवका संरचनाहरू निर्माण गरिनेछ ।

## खानेपानी

- खानेपानी आपूर्ति सम्बन्धी अधुरा र क्रमागत कार्यक्रमहरूलाई निरन्तरता दिई थप कार्यक्रमहरू सञ्चालन गर्नुका साथैसाथै विद्यमान खानेपानी वितरण प्रणालीको मर्मत सम्भार गरिनेछ ।
- राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६३ ले तोके अनुसार क्रमिक रूपमा खानेपानीको गुणस्तर तथा सेवा स्तर सुधार गर्दै

सहरी तथा अर्ध सहरी खानेपानी प्रणालीको निर्माण तथा सुदृढिकरण गर्दा लागत उठ्ती प्रणाली लागू गरिनेछ ।

- भूमिगत जल प्रयोग हुने स्थानमा पुनर्भरण गर्नुका साथै सतह स्रोतबाट पानीको आपूर्ति नपुग भएको अवस्थामा बर्षातको पानी सङ्कलन गरी थप पानी आपूर्ति गरिनेछ ।
- सेवा प्रदायकहरूबाट वितरित खानेपानीको गुणस्तरको नियमित अनुगमन गरिनेछ ।
- सेवा प्रदायकहरूसँग समन्वय गरी उनीहरूको क्षमता अभिबृद्धि गरी खानेपानी सेवालाई गुणस्तरीय र भरपर्दो बनाइनेछ ।

## सरसफाइ

- फोहरमैला व्यवस्थापन तथा सरसफाइ प्रवर्द्धन गर्न जनचेतना अभिबृद्धि गरी जनसहभागितामा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।
- **"एक घर एक चर्पी"** कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै खुला दिसा मुक्त क्षेत्र घोषणा गरी पूर्ण सरसफाइ कार्यक्रमलाई दीगो रूपमा कार्यान्वयन गरिनेछ ।
- सहरी सरसफाइ तथा ढल निकास व्यवस्थापनलाई एकीकृत कार्यक्रमको रूपमा कार्यान्वयन गरिनेछ ।
- **"फोहरलाई बनाऔं मोहर"** भन्ने नारालाई व्यापक बनाइ फोहरमैला व्यवस्थापन तथा सहरी सरसफाइ कार्य सञ्चालन गर्दा सार्वजनिक नीजि साझेदारीको रणनीति अपनाइनेछ ।

## काठमाडौं उपत्यको विकास

- काठमाडौं उपत्यकाको सहरीकरणलाई व्यवस्थित गर्न जग्गा विकास, नयाँ वस्ती विकास, सहरी पुनर्स्थापन कार्यक्रम, खुला क्षेत्र व्यवस्थापन र सफा सहरको अवधारणालाई अघि बढाउन प्रारम्भिक अध्ययन गरी कार्यान्वयन गर्दै लगिनेछ ।
- काठमाडौं उपत्यकामा एकीकृत सहरी सेवा केन्द्रहरूको विकास गरिनेछ ।




- काठमाडौं उपत्यकाका नदी प्रणालीलाई जीवन्त बनाउन नदी वरपरका पूर्वाधार विकासका क्रियाकलापहरूलाई सुनियोजित रूपमा अघि बढाइनेछ ।
- काठमाडौं उपत्यका भित्रका प्रदुषणयुक्त औद्योगिक संरचनाहरूलाई क्रमशः उपत्यका बाहिर स्थानान्तरण गर्न प्रोत्साहन गरिनेछ ।
- काठमाडौं उपत्यका लगायत सहरी क्षेत्रको फोहरमैला व्यवस्थापनको लागि फोहोरको उत्पादन घटाउने, पुनः प्रयोग गर्ने र प्रशोधन गर्ने प्रयासहरूलाई प्रभावकारी बनाइनेछ ।
- काठमाडौं उपत्यकामा खानेपानी आपूर्ति गर्न पानीको स्रोत विकास तथा प्रशोधन केन्द्रहरू स्थापना गर्नुका साथै थोक वितरण प्रणाली अवलम्बन गरिनेछ । मौजुदा पानी पोखरीहरूको क्षमता अभिबृद्धि तथा नयाँ पानी पोखरी निर्माण गरिनेछ । मेलम्ची लगायतका ठूला आयोजनाहरूको कार्यान्वयनमा सम्भावित स्रोतहरूको परिचालन गरी उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- काठमाडौं उपत्यकाको ढल निकास व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।
- काठमाडौं उपत्यकालाई अन्तर्राष्ट्रियस्तरको सांस्कृतिक पर्यटकीय राजधानी क्षेत्रको रूपमा विकास र संरक्षण गर्न एकीकृत पूर्वाधार विकास र वातावरण संरक्षणलाई विशेष जोड दिइनेछ ।
- काठमाडौं उपत्यकाको विद्यमान चक्रपथ स्तरोन्नती गरिनेछ र प्रस्तावित बाहिरी चक्रपथलाई जग्गा विकासको माध्यमबाट निर्माण गरिनेछ ।
- काठमाडौं, ललितपुर र भक्तपुरका मुख्य सडकहरूलाई विस्तार तथा सुधार गरिनेछ ।

अनुसूची २

# मध्य पहाडी लोकमार्गमा प्रस्ताव गरिएका १० वटा नयाँ सहरहरू (राष्ट्रिय योजना आयोगद्वारा स्वीकृत)

१. पाटन – बैतडी
२. साँफेबगर –अछाम,
३. राकम कर्णाली – दैलेख
४. चौरजहारी – रुकुम,
५. बुर्तिबाङ्ग –बाग्लुङ,
६. बैरेनी, गल्छी – धादिङ
७. डुम्रे– तनहुँ,
८. खुर्कोट – सिन्धुली,
९. बसन्तपुर –तेह्रथुम
१०. फिदिम –पाँचथर



अनुसूची ३

# नेपाल सरकारको खानेपानी तथा सरसफाइको राष्ट्रिय लक्ष्य

खानेपानी – सन् २०१७ सम्म सबै जनतालाई आधारभूतस्तरको खानेपानी सेवा उपलब्ध गराउने

सरसफाइ – सन् २०१७ सम्म सबै जनतालाई आधारभूतस्तरको सरसफाइमा पहुँच पुऱ्याउने

## सहस्राब्दी विकास लक्ष्य

खानेपानी – सन् २०१५ सम्म ७३% जनतालाई आधारभूतस्तरको खानेपानी सेवा उपलब्ध गराउने

सरसफाइ – सन् २०१५ सम्म ५३% जनतालाई आधारभूतस्तरको सरसफाइमा पहुँच पुऱ्याउने

## हालको त्रिवर्षिय विकास लक्ष्य (२०१० – २०१३)

आधारभूत स्तरको खानेपानी सेवा – ८५% जनतासम्म पुऱ्याउने ।

मध्यम/उच्च स्तरको खानेपानी सेवा – १५% जनतासम्म पुऱ्याउने ।

सरसफाइ सेवा – ६०% जनतासम्म पुऱ्याउने ।

## २०६८ को जनगणना (खानेपानी र सरसफाइ सम्बन्धी) अनुसार सुविधा पहुँचको जनसांख्यिक विवरण

आधारभूत खानेपानी सेवा पहुँच भएका परिवार – ८२.७८ %

धारा/पाइपबाट खानेपानी उपभोग गरिरहेका परिवार – ४७.७८%

ट्युववेल वा हातेपम्पबाट पिउने पानी आपूर्ति गरिरहेका परिवार – ३५%

शौचालयको सुविधा भएका घर परिवार – ६१.८३%



फ्लस भएको र सेफ्टीट्याङ्मा जोडिएको शौचालय प्रयोग गर्ने परिवार – ३३.४५%

सार्वजनिक शौचालय प्रयोग गर्ने परिवार – १९.४७%

सहरी क्षेत्रमा शौचालय भएका घर परिवार – ९०.९१%

ग्रामीण क्षेत्रमा शौचालय भएको घर परिवार – ५४.८९%

## जनगणना २०६८ अनुसार आवासको वर्तमान अवस्था

| | कूल आवास संख्या | आफ्नो स्वामित्व | भाडाको | अन्य |
|---|---|---|---|---|
| नेपाल | ५,४२३,२९७ | ८५% | १३% | २% |
| सहरी क्षेत्र | १,०४५,५७५ | ५७% | ४०% | ३% |
| हिमाल | ३६३,६८९ | ९२% | ६% | २% |
| पहाड | २,५३२,०४१ | ७९% | १९% | २% |
| तराई | २,५२७,५५८ | ९१% | ७% | २% |
| ललितपुर | १०९,५०५ | ५७% | ४१% | २% |
| भक्तपुर | ६८,५५७ | ६६% | ३२% | २% |
| काठमाडौं | ४३५,५४४ | ४०% | ५८% | २% |

अनुसूची ५

# सहरी विकास मन्त्रालयको कार्यविवरण

## (नेपाल सरकार (मन्त्रिपरिषद्बाट स्वीकृत मिति २०६९।२।५)

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९ को नियम २३ मा सहरी विकास मन्त्रालयको कार्य क्षेत्र देहाय बमोजिम उल्लेख गरिएको छ ।

१. सहरी विकास र सहरी पूर्वाधारको विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन,
२. नगरपालिका तथा नगरोन्मुख स्थानहरूको भौतिक योजना तथा कार्यक्रमको कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन,
३. सरकारी भवनको निर्माण, मर्मतसम्भार, रेखदेख र सुरक्षा,
४. भवन तथा अन्य निर्माण सामग्रीको प्रविधि, अनुसन्धान तथा विकाससम्बन्धी संहिता र मापदण्डको तयारी तथा कार्यान्वयन,
५. सहरीकरण, सहरी भू–उपयोग र सहरी विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयन,
६. वसोवास र वस्ती विकास,
७. अव्यवस्थित वसोवासको व्यवस्थापन, सहरी विपन्न वर्ग तथा सहरी आवासवीहिनको आवास व्यवस्थापन,
८. खानेपानी, सरसफाइ तथा ढलनिकास,
९. केन्द्रीय सचिवालयको भवन व्यवस्थापन,
१०. मन्त्रिपरिषद्का सदस्य, संवैधानिक अङ्गका प्रमुख आदिको आवास व्यवस्था,
११. नगर विकास समिति र आवास तथा सहरी विकाससम्बन्धी संस्थाको रेखदेख,
१२. आवास निर्माण सम्बन्धी गैर सरकारी क्षेत्रका संस्थाको प्रवर्द्धन तथा विकास,



१३. आवास तथा सहरी विकास सम्बन्धी अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघ संस्थासँग सम्पर्क सहयोग,
१४. रणनीतिक सडक बाहेकका सहरी सडक,
१५. विशिष्ट सहरी संरचनाको डिजाइन र निर्माण,
१६. काठमाडौँ उपत्यका विकास प्राधिकरण,
१७. काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड,
१८. काठमाडौँ उपत्यका खानेपानी लिमिटेड,
१९. काठमाडौँ उपत्यका खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयन निर्देशनालय,
२०. नगर विकास कोष,
२१. नेपाल खानेपानी संस्थान,
२२. फोहरमैला तथा स्रोत परिचालन केन्द्र,
२३. नगर विकास प्रशिक्षण केन्द्र,
२४. मेलम्ची खानेपानी विकास समिति तथा मेलम्ची खानेपानी आयोजना
२५. सिंहदरवार विकास समिति
२६. अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति
२७. अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत समिति
२८. खानेपानी महसुल निर्धारण आयोग
२९. ग्रामीण आवास कम्पनी लिमिटेड
३०. नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूहको विल्डिङ्ग एण्ड आर्किटेक्ट र स्यानिटरी उप समूहको सञ्चालन ।

अनुसूची ६

# सहरी विकास मन्त्रालयसँग सम्बन्धित ऐन, नियमावली, गठन आदेश, नीति, गुरुयोजना र मापदण्डहरू

## ऐन:

१. नगर विकास ऐन, २०४५
२. नेपाल खानेपानी संस्थान ऐन, २०४६
३. नगर विकास कोष ऐन, २०५३
४. काठमाडौँ उपत्यका विकास प्राधिकरण ऐन, २०४५
५. संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४
६. भवन ऐन २०५५
७. खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३
८. खानेपानी महशुल निर्धारण आयोग ऐन, २०६३
९. पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३
१०. जलस्रोत ऐन, २०४९
११. फोहरमैला (प्रवन्ध तथा स्रोत परिचालन) ऐन, २०४४,

## नियमावली:

१. पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी नियमावली, २०६४
२. खानेपानी नियमावली, २०५५
३. नगर विकास कोष नियमावली, २०५४
४. भवन नियमावली, २०६६
५. संयुक्त आवास नियमावली, २०६१
६. राष्ट्रिय भवन संहिता, २०६०



७. जलस्रोत नियमावली, २०५१
८. जग्गा विकास चक्रकोष विनियमावली, २०६१
९. काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०६४

## विकास समिति गठन आदेश

१. सिंहदरवार सचिवालय पुनः निर्माण समिति (गठन) आदेश, २०३०
२. अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समिति, ( गठन) आदेश, २०६३
३. मेलम्ची खानेपानी विकास समिति (गठन) आदेश, २०५५
४. अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र (गठन) आदेश, २०५५
५. संयुक्त राष्ट्र संघ पार्क विकास समिति (गठन) आदेश, २०५३

## नीति

१. राष्ट्रिय सहरी नीति, २०६४
२. राष्ट्रिय आवास नीति, २०६८
३. ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाइ सम्बन्धी राष्ट्रिय नीति, २०६०
४. सहरी खानेपानी तथा सरसफाइ नीति, २०६६

## गुरुयोजना

१. सरसफाइ सम्बन्धी गुरुयोजना, २०६८

## मापदण्ड

१. राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२
२. खानेपानी गुणस्तर सुधारको मापदण्ड, २०६३
२. काठमाडौँ उपत्यका भित्रका नगरपालिका र नगरोन्मुख गा.वि.स. हरूमा गरिने निर्माण सम्बन्धी मापदण्ड २०६४

## अनुसूची १

# नेपालको सहरी विकासको ढाँचा

**१ सहरीकरण** ⇨ **२ सहरीवासीको आवश्यकता पहिचान** ⇨ **३ योजना कार्यक्रम तर्जुमा** ⇨ **४ सुनियोजित सहरी विकास** ⇨ **५ सहरको व्यवस्थापन** ⇨ **६ सुनियोजित र व्यवस्थित सहर**

### १ सहरीकरण

- गैर कृषि पेशा
- बसाइँ सराइ
- सेवा सुविधामा बृद्धि
- रोजगारीमा बृद्धि
- आर्थिक लगानी
- भू–उपयोग परिवर्तन
- जल, स्थल, ध्वनी र वायु प्रदूषण
- जग्गा खण्डीकरण र मूल्य बृद्धि
- जनसंख्या बृद्धि
- खानेपानीको माग बृद्धि
- अव्यवस्थित ढल तथा फोहरमैला बृद्धि
- मूल्य बृद्धि
- भौतिक निर्माणमा तीव्र बृद्धि
- सडकमा चाप

### २ सहरीवासीको आवश्यकता पहिचान

- खानेपानी तथा सरसफाइ
- सडक/ यातायात
- विद्युत
- शिक्षा, स्वास्थ्य
- सुरक्षा
- रोजगारी
- आवास
- खाद्य सुरक्षा
- मनोरञ्जन

### ३ योजना कार्यक्रम तर्जुमा

- आवश्यकता र समस्याको विश्लेषण
- साधन र स्रोतको आँकलन
- संस्थागत जिम्मेवारीको किटान
- कार्ययोजना
  - ✓ *वातावरण मैत्री*
  - ✓ *लैङ्गिक सन्तुलन*
  - ✓ *समावेशी*
  - ✓ *समयावद्ध*

### ४ सुनियोजित सहरी विकास

- पर्याप्त खानेपानी तथा ढल निकासको व्यवस्था
- सवारी साधन र पैदल यात्रीका लागि सुरक्षित सडक
- नियमित विद्युत आपूर्ति र सडक बत्तीको व्यवस्था
- रोजगारीका अवसर
- सरकारी नीजि लगानी
- औकात अनुसारको आवास
- जिउधन र आफ्नो उद्योग व्यवसायको सुरक्षा
- शिक्षा र स्वास्थ्यमा पहुँच
- पर्याप्त मनोरञ्जन स्थलको व्यवस्था
- ल्याण्डफिल साइट
- विमानस्थल, बस टर्मिनलको व्यवस्था
- सार्वजनिक उद्यान, रङ्गशालाको व्यवस्था
- खानेपानी र ढल प्रशोधन केन्द्र

### ५ सहरको व्यवस्थापन

- फोहरमैला व्यवस्थापन
- यातायात सञ्चालन र ट्राफिक व्यवस्थापन
- खाद्यान्न आपूर्ति
- खानेपानी र ढलनिकास प्रणाली सञ्चालन
- विद्युत आपूर्ति र सडक बत्ती सञ्चालन
- विपद् व्यवस्थापन
- बसपार्क, विमानस्थल सञ्चालन
- शिक्षण संस्था, स्वास्थ्य संस्था सञ्चालन
- सार्वजनिक उद्यान, सभा गृह व्यवस्थापन
- सार्वजनिक समारोह, भेला, ऱ्याली, जुलुस व्यवस्थापन
- पर्यटन प्रबर्द्धन
- सम्पदा संरक्षण
- संस्कृति संरक्षण

### ६ सुनियोजित र व्यवस्थित सहर

- पूर्वाधार तथा सेवा सुविधायुक्त, व्यवस्थित, सफा र सुन्दर सहर तथा वस्तीहरु
- स्वच्छ, सुरक्षित र वस्न लायक सहर
- स्वस्थ र उत्पादनशील नागरिक
- सभ्य र सुसंस्कृत सहरी समाज

## अनुसूची ४

# नेपालको जनगणना २०६८ अनुसार सहरी क्षेत्रको घरधूरी तथा जनसंख्या सम्बन्धी विवरण

| क्षेत्र | घरधूरी | जनसंख्या | | | क्षेत्रफल (ब.कि.) | औषत घरधूरी आकार | लैङ्गिक अनुपात | जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | महिला | पुरुष | | | | |
| नेपाल | १,०४७,२९७ | ४,५२३,८२० | २,३०६,०४९ | २,२१७,७७१ | ३,२७६।२८ | ४।३२ | १०४।० | १,३८१ |
| **इकोलोजिकल क्षेत्र** | | | | | | | | |
| हिमाल | १२,३८७ | ४९,९९५ | २४,०६४ | २५,९३१ | १५६।०७ | ४।०४ | ९२।८ | ३२० |
| पहाड | ६०९,८९७ | २,४६८,११० | १,२६७,१०५ | १,२०१,००५ | १,५९८।१६ | ४।०५ | १०५।५ | १,५४४ |
| तराई | ४२५,०१३ | २,००५,७१५ | १,०१४,८८० | ९९०,८३५ | १,५२२।०५ | ४।७२ | १०२।४ | १,३१८ |
| **भौगोलिक क्षेत्र** | | | | | | | | |
| पूर्वान्चल विकास क्षेत्र | १८६,९३९ | ८२९,८०७ | ४१०,५३४ | ४१९,२७३ | ९०५।२२ | ४।४४ | ९७।९ | ९१७ |
| मध्यमान्चल विकास क्षेत्र | ५३५,७२८ | २,२७२,८२६ | १,१८९,२२५ | १,०८३,६०१ | ८०९।५९ | ४।२४ | १०९।७ | २,८०७ |
| पश्चिमान्चल विकास क्षेत्र | १८६,२५१ | ७६४,८४१ | ३७६,४६३ | ३८८,३७८ | ५७५।१७ | ४।११ | ९६।९ | १,३३० |
| मध्य पश्चिमान्चल विकास क्षेत्र | ७०,८९६ | ३२२,४७४ | १६२,९०८ | १५९,५६६ | ३७६।२८ | ४।५५ | १०२।१ | ८५७ |
| सुदूर पश्चिमान्चल विकास क्षेत्र | ६७,४८३ | ३३३,८७२ | १६६,९१९ | १६६,९५३ | ६१०।०२ | ४।९५ | १००।० | ५४७ |
| **नगरपालिका** | | | | | | | | |
| इलाम | ४,७४० | १९,४२७ | ९,६७४ | ९,७५३ | २६।६३ | ४।१० | ९९।२ | ७३० |
| भद्रपुर | ४,२६० | १८,६४६ | ९,३२४ | ९,३२२ | १०।५६ | ४।३८ | १००।० | १,७६६ |
| दमक | १८,१२३ | ७५,७४३ | ३५,८२४ | ३९,९१९ | ७०।६३ | ४।१८ | ८९।७ | १,०७२ |

क्रमशः...

# नेपालको जनगणना २०६८ अनुसार सहरी क्षेत्रको घरधूरी तथा जनसंख्या सम्बन्धी विवरण

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| मेचीनगर | १३,१९६ | ५७,९०९ | २७,८५६ | ३०,०५३ | ५५।७२ | ४।३९ | ९२।७ | १,०३९ |
| विराटनगर उप महानगरपालिका | ४५,२२८ | २०४,९४९ | १०४,९३५ | १००,०१४ | ५८।४८ | ४।५३ | १०४।९ | ३,५०५ |
| धरान | २७,७९६ | ११९,९१५ | ५७,५६२ | ६२,३५३ | १०३।३८ | ४।३१ | ९२।३ | १,१६० |
| इनरुवा | ६,१९९ | २८,९२३ | १४,६३८ | १४,२८५ | २२।३६ | ४।६७ | १०२।५ | १,२९४ |
| इटहरी | १८,३०६ | ७६,८६९ | ३७,६०६ | ३९,२६३ | ४२।३७ | ४।२० | ९५।८ | १,८१४ |
| धनकुटा | ७,२२० | २८,३६४ | १४,१९९ | १४,१६५ | ४८।२१ | ३।९३ | १००।२ | ५८८ |
| खाँदबारी | ६,२९५ | २६,६५८ | १२,८२६ | १३,८३२ | ९१।०३ | ४।२३ | ९२।७ | २९३ |
| त्रियुगा | १५,९३८ | ७१,४०५ | ३४,२८४ | ३७,१२१ | ३१९।८८ | ४।४८ | ९२।४ | २२३ |
| राजविराज | ७,७५१ | ३८,२४१ | २०,०४४ | १८,१९७ | ११।९६ | ४।९३ | ११०।२ | ३,१९७ |
| लहान | ६,४८३ | ३३,९२७ | १७,५३६ | १६,३९१ | २०।२३ | ५।२३ | १०७।० | १,६७७ |
| सिराहा | ५,४०४ | २८,८३१ | १४,२२६ | १४,६०५ | २३।७८ | ५।३४ | ९७।४ | १,२१२ |
| जनकपुर | १९,१९५ | ९८,४४६ | ५२,४८१ | ४५,९६५ | २४।६१ | ५।१३ | ११४।२ | ४,००० |
| जलेश्वर | ४,२०८ | २४,७६५ | १२,८८८ | ११,८७७ | १५।४९ | ५।८९ | १०८।५ | १,५९९ |
| मलङ्गवा | ४,४६४ | २५,१४३ | १२,९८८ | १२,१५५ | ९।३९ | ५।६३ | १०६।९ | २,६७८ |
| कमलामाई | ९,३२० | ४१,११७ | २०,३६० | २०,७५७ | २०७।९५ | ४।४१ | ९८।१ | १९८ |
| भिमेश्वर | ६,०९२ | २३,३३७ | ११,२३८ | १२,०९९ | ६५।०४ | ३।८३ | ९२।९ | ३५९ |
| बनेपा | ५,५४६ | २४,८९४ | १२,४४६ | १२,४४८ | ५।५६ | ४।४९ | १००।० | ४,४७७ |
| धुलिखेल | ३,२९१ | १६,२६३ | ८,३९२ | ७,८७१ | १२।०८ | ४।९४ | १०६।६ | १,३४६ |
| पनौती | ५,९५६ | २८,३१२ | १३,७६८ | १४,५४४ | ३१।७३ | ४।७५ | ९४।७ | ८९२ |
| ललितपुर उप महानगरपालिका | ५४,७४८ | २२६,७२८ | ११७,९३२ | १०८,७९६ | १५।१५ | ४।१४ | १०८।४ | १४,९६६ |

क्रमशः...

## नेपालको जनगणना २०६८ अनुसार सहरी क्षेत्रको घरधूरी तथा जनसंख्या सम्बन्धी विवरण

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| भक्तपुर | १७,६५५ | ८३,६५८ | ४२,६७८ | ४०,९८० | ६।५६ | ४।७४ | १०४।१ | १२,७५३ |
| मध्यपुर ठिमी | २०,३३७ | ८४,१४२ | ४३,५१० | ४०,६३२ | ११।११ | ४।१४ | १०७।१ | ७,५७४ |
| काठमाण्डौ महा नगरपालिका | २५४,७६४ | १,००३,२८५ | ५३३,१२७ | ४७०,१५८ | ४९।४५ | ३।९४ | ११३।४ | २०,२८९ |
| किर्तीपुर | १९,४६४ | ६७,१७१ | ३७,४८५ | २९,६८६ | १४।७६ | ३।४५ | १२६।३ | ४,५५१ |
| विदुर | ६,२७९ | २७,९५३ | १३,६०८ | १४,३४५ | ३३।४८ | ४।४५ | ९४।९ | ८३५ |
| हेटौंडा | १९,८९० | ८५,६५३ | ४२,९८१ | ४२,६७२ | ४७।७७ | ४।३१ | १००।७ | १,७९३ |
| गौर | ५,६३९ | ३५,३७० | १८,६९७ | १६,६७३ | २१।५३ | ६।२७ | ११२।१ | १,६४३ |
| कलैया | ६,८५२ | ४३,१३७ | २२,६८६ | २०,४५१ | १८।९८ | ६।३० | ११०।९ | २,२७३ |
| बीरगन्ज उप महानगरपालिका | २४,१८० | १३९,०६८ | ७५,३८२ | ६३,६८६ | २१।१७ | ५।७५ | ११८।४ | ६,५६९ |
| भरतपुर | ३६,९८७ | १४७,७७७ | ७४,२०५ | ७३,५७२ | १६२।१६ | ४।०० | १००।९ | ९११ |
| रत्ननगर | १०,८६१ | ४६,६०७ | २२,३७३ | २४,२३४ | ३५।६२ | ४।२९ | ९२।३ | १,३०८ |
| गोरखा | ८,८१० | ३३,८६५ | १५,८९५ | १७,९७० | ६०।२८ | ३।८४ | ८८।५ | ५६२ |
| व्यास | ११,३२६ | ४३,६१५ | २०,००५ | २३,६१० | ६०।०२ | ३।८५ | ८४।७ | ७२७ |
| पुतलीबजार | ८,१९० | ३१,३३८ | १४,१२२ | १७,२१६ | ७०।१४ | ३।८३ | ८२।० | ४४७ |
| वालिङ्ग | ५,९५९ | २४,१९९ | १०,९८७ | १३,२१२ | ३४।७६ | ४।०६ | ८३।२ | ६९६ |
| लेखनाथ | १४,९५८ | ५९,४९८ | २७,३९४ | ३२,१०४ | ७७।४५ | ३।९८ | ८५।३ | ७६८ |
| पोखरा उप महानगरपालिका | ६८,३९८ | २६४,९९१ | १३३,३१८ | १३१,६७३ | ५५।२२ | ३।८७ | १०१।२ | ४,७९९ |
| बाग्लुङ्ग | ७,८५९ | ३०,७६३ | १४,७१० | १६,०५३ | १८।३५ | ३।९१ | ९१।६ | १,६७६ |
| तानसेन | ८,४३३ | ३१,१६१ | १५,३३२ | १५,८२९ | २१।७२ | ३।७० | ९६।९ | १,४३५ |
| रामग्राम | ४,९८२ | २८,९७३ | १५,५०५ | १३,४६८ | ३४।७२ | ५।८२ | ११५।१ | ८३४ |

क्रमशः...

# नेपालको जनगणना २०६८ अनुसार सहरी क्षेत्रको घरधूरी तथा जनसंख्या सम्बन्धी विवरण

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बुटवल | २९,६८७ | १२०,९८२ | ६०,८७० | ६०,११२ | ६९।२८ | ४।०८ | १०१।३ | १,७४६ |
| सिद्धार्थनगर | १२,५१३ | ६४,५६६ | ३२,६७१ | ३१,८९५ | ३६।०३ | ५।१६ | १०२।४ | १,७९२ |
| कपिलवस्तु | ५,१३६ | ३०,८९० | १५,६५४ | १५,२३६ | ३७।२० | ६।०१ | १०२।७ | ८३० |
| घोराही | १५,५१७ | ६५,१०७ | ३२,१४९ | ३२,९५८ | ७४।४५ | ४।२० | ९७।५ | ८७५ |
| तुलसीपुर | १२,२२३ | ५२,२२४ | २५,२९३ | २६,९३१ | ९२।२२ | ४।२७ | ९३।९ | ५६६ |
| नेपालगन्ज | १५,२०० | ७३,७७९ | ३८,११३ | ३५,६६६ | १२।५१ | ४।८५ | १०६।९ | ५,८९८ |
| गुलरिया | ११,२३० | ५७,२३२ | २९,३९९ | २७,८३३ | ९५।१४ | ५।१० | १०५।६ | ६०२ |
| विरेन्द्रनगर | १२,०४५ | ५२,१३७ | २७,२२१ | २४,९१६ | ३४।९५ | ४।३३ | १०९।३ | १,४९२ |
| नारायण | ४,६८१ | २१,९९५ | १०,७३३ | ११,२६२ | ६७।०१ | ४।७० | ९५।३ | ३२८ |
| दिपायल | ५,५०९ | २६,५०८ | १३,६८६ | १२,८२२ | ७३।९८ | ४।८१ | १०६।७ | ३५८ |
| धनगढी | २१,०५९ | १०४,०४७ | ५३,२३७ | ५०,८१० | १०३।७३ | ४।९४ | १०४।८ | १,००३ |
| टिकापुर | ११,६३९ | ५६,९८३ | २७,६४० | २९,३४३ | ६७।११ | ४।९० | ९४।२ | ८४९ |
| भिमदत्त | २०,६९५ | १०६,६६६ | ५३,०९८ | ५३,५६८ | १७।१२४ | ५।१५ | ९९।१ | ६२३ |
| अमरगढी | ४,७८६ | २२,२४१ | १०,९६३ | ११,२७८ | १३८।९५ | ४।६५ | ९७।२ | १६० |
| दशरथचन्द | ३,७९५ | १७,४२७ | ८,२९५ | ९,१३२ | ५५।०१ | ४।५९ | ९०।८ | ३१७ |